# बेनी नगर कार्यपालिका बैठकका निर्णयहरु (आ.व. २०७९/०८०, बैठक नं १४)

मिति २०८० जेठ २८ गते

**प्रस्तावहरु :**

१. हालसम्मको प्रगति विवरण सम्बन्धमा
२. मनसुनजन्य विपदका लागि डोजर भाडामा लिने सम्बन्धमा
३. बालमैत्री नगर घोषणा सम्बन्धमा
४. फर्निचरमा नपुग भएको रकम सम्बन्धमा
५. नगर शिक्षा समितिको निर्णय अनुमोदन
६. सार्वजनिक सुनुवाई सम्बन्धमा
७. केन्द्रीय सशर्त, विशेष तथा समपुरक तर्फका कार्यक्रम सम्बन्धमा
८. जग्गा वर्गीकरण सम्बन्धमा
९. कार्यविधि पारित गर्ने सम्बन्धमा
    - घर बहाल कर कार्यविधि सम्बन्धमा
१०. नगर सभाको स्थान र समय यकिन गर्ने सम्बन्धमा
११. सडक बोर्डको योजनाको कार्य अघि बढाउने
१२. रोजगार रणनीति निर्माण सम्बन्धमा
१३. विविध

**निर्णयहरु :**

१. बेनी नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो। नगरपालिकाबाट भएका खर्चहरु अनुमोदन गर्नुका साथै कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो।

२. बेनी नगरपालिका भित्रका विभिन्न संरचनाहरु वर्षेनी विपदबाट क्षतिग्रस्त हुने र सडक सफा गर्ने क्रममा धेरै रकम खर्च गर्नुपर्ने बाध्यतालाई अन्त्य गर्न मनसुनजन्य विपदको अवधिभर २०८० असार देखि २०८० असोज १५ गतेसम्म १ थान एकाभेटर, २ थान डोजर, र १ थान ट्रिपर र २ थान ट्याक्टर मनसुनजन्य विपदबाट बिग्रिने बाटो मर्मत, पहिरो पन्छाउने लगायतका अन्य आवश्यक कार्यमा प्रयोग गर्ने गरी भाडामा लिन सूचना प्रकाशन गर्ने एवं प्रकाशित सूचना बमोजिम सबैभन्दा कम दरमा कबोल गर्ने सेवाप्रदायकसँग नियमानुसार सम्झौता गरी कार्य अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

३. बेनी नगरपालिकालाई आगामी वि.सं २०८२ साल बैशाख १ गतेभित्र बालमैत्री नगर घोषणा गर्नका लागि आवश्यक योजना एवं प्रकृया अघि बढाउने निर्णय गरियो ।

४. बेनी नगरपालिकाको चालु आ.व. २०७९/०८० मा फर्निचर तथा फिक्चर्स शीर्षकमा विनियोजन भएको रकम कार्यालयको तला थप भएका कोठाहरु लगायत तथा एक वडा एक प्राविधिक कार्यका लागि खरिद गरिएको फर्निचरको भुक्तानीका लागि अपुग भएकोले चालु तर्फ खर्च नभई बाँकी रहेको रकमबाट भुक्तानी

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी. नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

हुन बाँकी रकम रु १२ लाख ५० हजार चालु अन्तर्गतकै शीर्षकबाट भुक्तानी भई बाँकी रहने रकमबाट रकमान्तर गरी भुक्तानी गर्ने निर्णय गरियो ।

५. बेनी नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८०।०२।०४ गतेको बैठकका देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

क. बेनी नगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार " शिक्षाशास्त्र अन्तर्गत गणित र विज्ञान विषय लिएर अध्ययन गर्ने विद्यार्थी छात्रिवृत्ति " तथा "अति विपन्न जेहन्दार दलित बालबालिकाको निम्ति छात्रवृत्ति" को लागि मिति २०८०/०१/०३ गते आवेदन माग गरी १५ दिने सूचना प्रकाशित गरिएकोमा निर्धारित समय भित्र यस कार्यालयमा प्राप्त निवेदन मध्ये " गणित/विज्ञान अध्ययन लक्षित छात्रवृत्ति कार्यान्वयन कार्यविधि- २०७९" तथा "अति विपन्न जेहन्दार दलित छात्रवृत्ति कार्यान्वयन कार्यविधि-२०७९" अनुसार तपसिल बमोजिम वितरण गर्ने निर्णय गरियो ।

- स्नातक तहमा शिक्षाशास्त्र अन्तर्गत गणित/विज्ञान अध्ययन गर्ने विद्यार्थिहरुका लागि प्रति विद्यार्थी रु २० हजार प्रदान गर्ने ।
- कक्षा ११-१२ मा शिक्षा विषय सहित गणित/विज्ञान अध्ययन गर्ने विद्यार्थीहरुका लागि प्रति विद्यार्थी रु १५ हजार का दरले वितरण गर्ने ।
- अति विपन्न जेहन्दार दलित छात्रवृत्ति सबै तहका लागि रु १५ हजारका दरले वितरण गर्ने ।

**गणित विज्ञान अध्ययन लक्षित छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरु**

| क्र.स. | नामथर | अध्ययन गर्ने तह | अध्ययन गर्ने विषय | अध्ययन गर्ने संस्था |
|---|---|---|---|---|
| १ | पुकार घिमिरे | बि.एड. दोश्रो वर्ष | गणित | म्याग्दी बहुमुखी क्याम्पस |
| २ | रमित बानियाँ | बि.एड. प्रथम वर्ष | गणित | म्याग्दी बहुमुखी क्याम्पस |
| ३ | सरिता बानियाँ | बि.एड प्रथम वर्ष | गणित | म्याग्दी बहुमुखी क्याम्पस |
| ४ | आशिष पौडेल | बि.एड प्रथम वर्ष | विज्ञान | म्याग्दी बहुमुखी क्याम्पस |
| ५ | प्रेक्षा बानियाँ | बि.एड प्रथम वर्ष | विज्ञान | म्याग्दी बहुमुखी क्याम्पस |
| ६ | सजिता चोखाल | बि.एड तेस्रो वर्ष | गणित | म्याग्दी बहुमुखी क्याम्पस |
| ७ | रुपा सापकोटा | कक्ष ११ | गणित | म्याग्दी बहुमुखी क्याम्पस |
| ८ | भावना घर्तिमगर | कक्षा १२ | गणित | प्रकाश मा.वि. |

**अति विपन्न जेहन्दार दलित छात्रवृत्ति छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरु**

| क्र.स. | नामथर | अध्ययन गर्ने तह | अध्ययन गर्ने विषय | अध्ययन गर्ने संस्था |
|---|---|---|---|---|
| १ | समर्पण विक | बिबिएस दोश्रो वर्ष | - | म्याग्दी बहुमुखी क्याम्पस |

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

ख. निर्णय नं.१ मा उल्लेखित दुवै छात्रवृत्तिमा आवश्यक मात्रामा आवेदन नपरेकोले ७ दिनको म्याद राखेर पुन: दोस्रोपटक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

ग. बेनी सामुदायिक मा.वि. बेनीको माध्यमिक तहमा हालसम्म सामाजिक विषयको २ दरबन्दी रहेको तर अंग्रेजी विषयको दरबन्दी नभएको र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित हाल रिक्त रहेको माध्यमिक तहको सामाजिक विषयको राहत दरबन्दीलाई अङ्ग्रेजी विषय कायम गरिपाउ भनी निवेदन आएकोले सो निवेदन माथी छलफल गर्दा शिक्षा ऐनको अनुसूची १२ बमोजिम विषयगत दरबन्दी व्यबस्थापन गर्ने उद्देश्येले सामाजिक विषयको राहात दर्वन्दीलाई अंग्रेजी विषयको राहत दरबन्दीमा कायम गरी शिक्षक नियुक्ति गर्न अनुमति दिने निर्णय गरियो

घ. बेनी नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा विषयगत शिक्षक पाउन गाह्रो देखिएकोले सो सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था गर्ने गरी शिक्षा ऐन परिमार्जन गर्नुपर्ने र अन्य विविध कार्यविधिहरु निर्माण गर्नुपर्ने भएकोले त्यस सम्बन्धी आवश्यक छलफल गरी मस्यौदा तयार गर्न शिक्षा युवा तथा खेलकुद शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

ङ. बेनी नगरपालिका वडा नम्बर ४ स्थित श्री शिवालय आधारभूत विद्यालय बाट मिति २०८०/०२/०१ को च.नं. २४ को प्राप्त पत्रानुसार सो विद्यालयमा कक्षा ४ र कक्षा ५ मा न्यून विद्यार्थी भएकोले उक्त विद्यालयमा बालकक्षा देखि कक्षा ३ सम्म मात्र संचालन गर्ने वि.व्य.स.को मिति २०८०/०१/२९ को निर्णय भएको जानकारी प्राप्त भएकोले उक्त विद्यालयलाई कक्षा घटाई बालकक्षा देखि कक्षा ३ सम्म सञ्चालन गर्ने निर्णय गरियो ।

च. यस शैक्षिक सत्रमा न्यून विद्यार्थी भर्ना भएका विद्यालयहरु लाई मर्ज गर्ने तथा कक्षा एवं तह घटाउने उद्देश्येले विद्यालयहरुको स्थलगत अनुगमन गरी तपसिल बमोजिम न्यूनतम विद्यार्थी नभएमा विद्यालय मर्ज गर्ने तथा तह मर्ज एवं कक्षा घटाउने प्रक्रिया अघि बढाउने निर्णय गरियो

**<u>तपसिल</u>**

अ. कक्षा ६ देखि कक्षा ८ सम्म न्यूनतम १५ जना विद्यार्थी हुनुपर्ने
आ. कक्षा ४ देखि कक्षा ५ सम्म न्यूनतम ७ जना विद्यार्थी हुनुपर्ने
इ. कक्षा १ देखि कक्षा ३ सम्म न्यूनतम ७ जना विद्यार्थी हुनुपर्ने

छ. यस वर्ष बेनी नगरपालिका द्वारा तयार गरिएको स्थानीय पाठ्यपुस्तक "मेरो नगरपालिका" सामुदायिक विद्यालयमा निशुल्क र संस्थागत विद्यालयहरुको निम्ति कक्षा १-४ को प्रति पुस्तक रु ४२५ मूल्य निर्धारण गरी शुल्क लिए पश्चात वितरण गर्ने निर्णय गरियो ।

६. बेनी नगरपालिकाको आ.व. २०७९/८० को तेस्रो चौमासिकसम्म बेनी नगरपालिका र मातहतका वडा कार्यालयहरुबाट भएका विकास निर्माण तथा सेवा प्रवाह विषयक सार्वजनिक सुनुवाई तथा आगामी आ.व.

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

२०८०/८१ को नीति योजना तथा बजेटको लागि सुझाव संकलन कार्यक्रम संयुक्त रुपमा मिति २०८० असार ३ गते बेनी बजारमा गर्ने निर्णय गरियो।

७. नेपाल सरकारबाट बेनी नगरपालिकाका नाममा सशर्त, विशेष तथा समपुरक तर्फबाट परेका योजना तथा कार्यक्रमहरु बैठकमा जानकारी भयो । बेनी नगरपालिकाका विभिन्न विषयगत समितिबाट छनौट गरिने योजनाहरुमा दोहरोपना नहुने गरी कार्य अघि बढाउने निर्णय गरियो ।

८. बेनी नगरपालिका क्षेत्रभित्रको जग्गा वर्गीकरण गर्न बाँकी रहेको वडा नं. १, २, ६ र ७ वडा अन्तर्गत रहेका जग्गा वर्गीकरणको कार्य सम्पन्न गरी आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

९. बेनी नगर कार्यपालिका बैठकमा पेश भएको घर बहाल कर कार्यविधि, २०८० मा आवश्यक छलफल गरी आवश्यक सुझावहरु समेत समावेश गरी पारित गर्ने निर्णय गरियो।

१०. बेनी नगरपालिकाको आगामी आ.व. २०८०/०८१ को वार्षिक बजेट, नीति तथा कार्यक्रम मिति २०८० असार १० गते गर्ने गरी आवश्यक पूर्वतयारी गर्ने निर्णय गरियो।

११. सडक बोर्ड नेपालबाट बेनी नगरपालिकाको बेनी-अर्थुङ्गे-पात्लेखेत सडक मर्मतका लागि प्राप्त भएको रकमबाट आवश्यक कार्य गर्ने गरी विद्युतीय सूचना प्रकाशनको प्रकृया अघि बढाउने निर्णय गरियो ।

१२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने कार्यमा सहयोग गर्न जारी गरेको स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० बमोजिम रोजगार रणनीति निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

१३. कालीपुल बसपार्कमा निर्माण भएको टर्मिनल भवनको मर्मत कोठा वितरण लगायतका अन्य आवश्यक कार्य गर्ने गरी प्रकृया अघि बढाउने निर्णय गरियो ।

१४. बेनी नगरपालिका, केन्द्रीय अनुदान तथा प्रदेश सरकारको अनुदानबाट सञ्चालित देहायका योजनाहरुको बेनी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ बमोजिम प्राविधिक मूल्याङ्कनको आधारमा भेरिएशन आदेश जारी गर्ने र हालसम्म कार्यालयको तर्फबाट भएका भेरिएशन आदेश सम्बन्धी निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

| सि नं | योजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | महारानीस्थान छापा डाँडाखेत ठुलोखोला सडक | बेनपा ४ र ६ | |
| २ | पात्लेखेत काछलुङ खानेपानी योजना | बेनपा १० | |
| ३ | गाजने नयाँगाउँ ढोल्थान पुलाडाँडा खानेपानी योजना | बेनपा ५ र ९ | |

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

१५. बेनी नगरपालिकाबाट प्रवाह गर्नुपर्ने सेवाहरु प्रभावकारी र गुणस्तरीय बनाउनका लागि पशु सेवा शाखाबाट प्रदान गरिँदै आएको शल्यक्रिया लगायतका अन्य कार्य गर्नका लागि कोठा अपर्याप्त भएको हुँदा बेनी नगरपालिकाको “ब्लक ग” सँग जोडिएर रहेको साबिक जिल्ला भुसंरक्षण कार्यालयको नाममा रहेको भवन उपयोग गर्ने अनुमतीका लागि जिल्ला प्रशासन कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

१६. बेनी नगरपालिकाको सुशासन तथा संस्थागत विकास समितितर्फबाट एलइडी डिस्प्ले बोर्ड व्यवस्थापन शीर्षकमा विनियोजन भएको रकम रु २ लाख रुपैयाँबाट उक्त कार्यमा भएको खर्च रु ४ लाख १ हजार १ सय ५० रुपैयाँ भुक्तानी गर्न अपुग हुने देखिएको हुँदा सोही समितितर्फको Integrated Server (Storage System) मा विनियोजन भएको रकमबाट नपुग रकम रु २ लाख १ हजार १ सय ५० रुपैयाँ रकमान्तर गरी भुक्तानी प्रकृया अघि बढाउने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३